आज मिति २०८२।११।२५ गते यस लोमन्थाङ गाउँपालिकाको अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा छिरिङ गुरुङ | का.ब. वडाध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्ङग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङजेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | | छुटिन साङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | | सोनम आङ्मो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | न्युटन लम्साल | सदस्य सचिव/ प्रमुख प्रशासकीय अधिकृत | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| | | अन्य उपस्थिति | | |
| १५ | | वलराम पाठक | प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | कमल कंडेल | स. प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १७ | | उज्वल चपाई | सहायक लेखा अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १८ | | उदयराज शर्मा | सि.सब-ईन्जिनियर | लोमन्थाङ गाउँपालिका |

प्रस्तावहरुः-

प्रस्ताव नं. १ः अघिल्लो बैठकको समिक्षा सम्वन्धमा

प्रस्ताव नं. २ः कार्यविधि पास सम्वन्धमा

प्रस्ताव नं. ३ः योजनाको भुक्तानी सम्वन्धमा।

प्रस्ताव नं. ४ः कार्यक्रमको भुक्तानी सम्वन्धमा।

प्रस्ताव नं. ५ः प्रतिवेदन स्विकार सम्वन्धमा।

प्रस्ताव नं. ६ः ठिङ्गर जियो पार्क निर्माण योजना सम्वन्धमा।

निर्णयहरुः

निर्णय नं. १ः- प्रस्ताव नं. १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठकबाट भएका निर्णयहरुको कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो।

निर्णय नं. २ः- प्रस्ताव नं. २ उपर छलफल गर्दा तपसीलका कार्यविधीहरु पास गर्ने निर्णय गरियोः-

क. लोमन्थाङ गाउँपालिकाको सार्वजनिक जग्गा संरक्षण तथा उपयोग_सम्वन्धी कार्यविधि, २०८२

ख. लोमन्थाङ गाउँपालिकाको पार्किङ व्यवस्थापन कार्यविधी, २०८२

निर्णय नं. ३ः- प्रस्ताव नं. ३ उपर छलफल गर्दा तपसीलको पालिका स्तरिय योजना अनुगमन समेत भईसकेको योजनाहरुको अघिल्लो बिलको भुक्तानी बाकींको बाकिँ भुक्तानी भुक्तानी गर्ने निर्णय गरियो।

तपसीलः

क. दिव्यदिप मावि छात्रावास भवन निर्माण- ५८,६२,३५१।६७

ख. लोवो निफुग नाम्ड्रोल नुर्बुलिङ गुम्वा छात्रावास निर्माण- १८,५५,८२३।५२

ग. छोन्हुप स्वास्थ्य चौकीमा कोठा थप-

घ. ठिंगर समुह भवन निर्माण फिनिसिङ-

निर्णय नं. ४ः- प्रस्ताव नं. ४ उपर छलफल गर्दा पोखरामा सञ्चालन भएका तपसीलका कार्यक्रमहरुको भुक्तानी गर्ने निर्णय गरियो।

तपसीलः

क. कुक र वारिष्टा तालिम- रु. ९,०९,६६३.००

ख. ड्राईभिङ सिकाई तालिम- रु. ८,४७,५००.००

निर्णय नं. ५ः- प्रस्ताव नं. ५ उपर छलफल गर्दा संघिय सरकारबाट हस्तान्तरित विशेष अनुदान अन्तर्गतको एकिकृत फोहोरमैला व्यवस्थापनको लागि गरिएको प्रारम्भिक वातावरणीय अध्ययन र विस्तृत परियोजना प्रतिवेदन स्विकार गर्ने निर्णय गरियो।

निर्णय नं. ६:- प्रस्ताव नं. ६ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट हस्तान्तरित समपुरक अनुदान अन्तर्गतको ठिङ्गर जियो पार्क निर्माण योजनामा बुद्धको मूर्ति बनाउनुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा (१०) उपदफा (५) बमोजिम रु. २ करोडभन्दा मुनिको लागत अनुमान भएतापनि विशेष र जटिल प्रकृतिको कार्य भएकोले "कम्तिमा एउटा मूर्ति निर्माण सम्वन्धी अनुभव पेश गर्नुपर्ने" प्रावधान राखी ठेक्का आव्हान गर्ने निर्णय गरियो।